# धितोपत्र केन्द्रीय निक्षेप सेवा र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावलीमा भएको विशेष संशोधन सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल धितोपत्र बोर्डबाट मिति २०७३।११।०२ गतेको पत्र मार्फत् धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ र धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (दोस्रो संशोधन) विनियमावली, २०७३ को संशोधन माथि स्वीकृती प्राप्त भएको । यस लि. को मिति २०७३।११।११ गतेको संचालक समितिको निर्णय बमोजिम उक्त स्वीकृत संशोधन मध्ये धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (दोस्रो संशोधन) विनियमावली, २०७३ को विनियम २(२) नेपाल स्टक एक्सचेन्ज लि. संग सम्बन्धित भई थप छलफल र पुनरावलोकन आवश्यक भएकोले उक्त विनियम बाहेक अन्य स्वीकृत संशोधन मिति २०७३।११।१५ गते देखि कार्यान्वयन हुने व्यहोरा सम्पूर्ण लगानीकर्ता, निष्काशनकर्ता, निक्षेप सदस्य, शेयर रजिष्ट्रार, राफसाफ सदस्य, राफसाफ बैंक तथा सम्पूर्ण सरोकारवालाहरुलाई निर्णयानुसार जानकारी गराईन्छ । नेपाल धितोपत्र बोर्डबाट मिति २०७३।११।१२ गते प्राप्त भएको धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (तेस्रो संशोधन) विनियमावली, २०७३ यस लि. को मिति २०७३।११।१३ गतेको संचालक समितिको निर्णयानुसार मिति २०७३।११।१५ गते देखि कार्यान्वयन हुने व्यहोरा सम्पूर्ण लगानीकर्ता, निष्काशनकर्ता, निक्षेप सदस्य, शेयर रजिष्ट्रार, राफसाफ सदस्य, राफसाफ बैंक तथा सम्पूर्ण सरोकारवालाहरुलाई निर्णयानुसार जानकारी गराईन्छ । उक्त व्यवस्थाबाट धितोपत्र केन्द्रीय निक्षेप सेवा सम्बन्धी व्यवस्था र धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट सम्बन्धी प्रकृया थप सहज, सरल तथा व्यवहारिक हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं । सो संशोधित विनियमावलीहरु यस लि. को वेभसाईट www.cdsc.com.np मा राखिएको व्यहोरा समेत जानकारी गराईन्छ ।

---


**सिडिएस एण्ड क्लियरिङ्ग लि.**

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक काठमाडौं

फोन नं. : ०१-४२३८००८ / ४२१६०६८

वेभसाईटः www.cdsc.com.np